annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २५७ पृष्ठ ८ | काठमाडौं, मंगलबार ८ माघ २०८१ | मार्ग कृष्णपक्ष अष्टमी, नेपाल संवत् ११४५ | TUESDAY, JANUARY 21, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जंगली हात्ती किन पस्छन् गाउँ बस्ती ?

**सुरेन्द्र काफ्ले/अनिल ढकाल** | *चितवन*

**- को रिपोर्ट**

समाचार पृष्ठ २




जंगली हात्ती किन गाउँ बस्ती पस्छन् र विध्वंश मच्चाउँछन् ? तर, यसरी जंगली हात्ती गाउँ बस्ती पस्नु समस्या मात्रै होइन, यो सौन्दर्य पनि हो भन्ने गरिएको छ। चितवन राष्ट्रिय निकुञ्जमा पोथी (ढोइ) खोज्दै चार जंगली हात्ती गाउँबस्ती पस्ने क्रम बढेको छ। यसरी गाउँबस्ती पस्ने जंगली हात्तीमा माकुना, गोबिन्दे, रोनाल्डो र धुवे हुन्। विशेषगरी मंसिर, पुस र माघ महिनामा धेरैजसो जंगली हात्ती गाउँबस्ती छिर्ने गरेका छन्। यी महिना भनेको हात्तीको 'मिटिङ' र 'डेटिङ' समय हो। पोथीले भाले बोलाउँछ भने पोथी भेट्न भाले आउँछ। यसले गर्दा नै निकुञ्ज आसपासको क्षेत्रमा आंतक मच्चिने गरेको छ।

सरकारको नाममा परमादेश जारी

## 'ढुंगा, बालुवा, गिट्टी उत्खनन, व्यवस्थापन गर्न ऐन बनाउन्'



**अवैध उत्खननबाट कुरुप बनेको महोत्तरी र धनुषाको साँधमा पर्ने रातु खोला।** ● राजकरण महतो

**राजकरण महतो** | *काठमाडौं*

सर्वोच्च अदालतले ढुंगा, बालुवा, गिट्टी उत्खनन, व्यवस्थापन गर्ने कानुन बनाउन सरकारको नाममा परमादेश जारी गरेको छ। अदालतले नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐन तत्काल बनाएर लागू गर्न सरकारको नाममा परमादेश जारी गरेको रिट निवेदक वरिष्ठ अधिवक्ता पदम श्रेष्ठले बताए।

न्यायाधीश डा. मनोजकुमार शर्मा, टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले सोमबार सरकारको नाममा रिट जारी गरेको हो। वरिष्ठ अधिवक्ता श्रेष्ठका अनुसार नदीको अनियन्त्रित दोहन भइरहेको छ। तर, अनुगमन गर्ने निकायहरू चुप छन्। प्रदेश सरकारहरूले तयार पारी लागू गरेको नदीजन्य पर्दाथ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५, नेपाल सरकारले बनाएको ढुंगा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नका लागि निर्माण भए पनि समस्याको दीर्घकालीन समाधान नगरेकाले ऐन बनाउन अदालतसँग माग गरिएको थियो। उक्त रिटमा अदालतले सरकार र त्यसका नियकाहरूको नाउमा परमादेश जारी गरेको हो।

ढुंगा, बालुवा, गिट्टी उत्खनन तथा व्यवस्थान गर्न माग गर्दै साढे तीन वर्षअघि सरकार र मन्त्रालयहरूको विरुद्ध अदालतमा मुद्दा हालिएको थियो। सातवटै प्रदेश सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वन तथा वातावरण मन्त्रालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय लगायतलाई विपक्षी बनाएर २०७८ वैशाख १३ गते अदालतमा मुद्दा दर्ता गराइएको थियो।

अनुमति लिई नदीजन्य पदार्थको उत्खनन गर्ने कार्यको हकमा अनुगमन गर्ने र अनुमति नलिई उत्खनन गर्ने कार्यलाई तत्काल रोक्न माग गर्दै अधिवक्ता श्रेष्ठले रिट दिएका थिए।

» बाँकी पृष्ठ ६

# शक्तिशाली राष्ट्रपतिका रूपमा ट्रम्प प्रशासन सुरु

**अनिल अधिकारी** | *अमेरिका*



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबारदेखि दोस्रो कार्यकाल सम्हालेका छन्। अमेरिका पहिलो अर्थात् नेशन फस्टको नारा लिएर दोस्रो कार्यकालका लागि चुनावमा होमिएका राष्ट्रपति ट्रम्प, पहिलेभन्दा थप शक्तिशाली राष्ट्रपतिका रूपमा ह्वाइट हाउस प्रवेश गरेका छन्।

दोस्रोपटक ह्वाइट हाउस पठाएका अमेरिकी जनताले विशेष गरी दुई मुद्दाहरू अमेरिकाको आर्थिक सुधार र अध्यागमन सुधारमा अपेक्षित काम गर्न म्यान्डेट दिएका छन्। चुनावका बखत उनले गरेका बाचाअनुसार, राष्ट्रपति ट्रम्पले कठोर भएर यी दुई नीतिहरूमा काम गर्ने बताइन्छ।

यो समाचार तयार पार्दासम्म दोस्रो कार्यकालका लागि राष्ट्रपति बनेका ट्रम्पले के-के कार्यकारी आदेश जारी गरेर त्यसको सुरुवात गर्छन् भनेर सार्वजनिक नभई सकेको भए तापनि आर्थिक, आप्रवासन र विदेश नीतिमा व्यापक सुधार सहितका कार्यकारी आदेश जारी गर्ने समाचारहरू बाहिरिएका छन्।

कठोर स्वभावका मानिने ट्रम्पले विशेष गरी आर्थिक सुधार अर्थात् बढ्दो महँगी नियन्त्रण गर्ने अपेक्षा अमेरिकी जनताको छ। उनी व्यापार व्यवसाय सुधारका लागि भने असल राष्ट्रपतिका रूपमा दर्ज भइसकेका छन्। व्यापारिक पृष्ठभूमिबाट आएका राष्ट्रपति ट्रम्पले स्थानीय समयअनुसार आइतबारको भाषणमा पनि उनले त्यस्तो संकेत गरिसकेका छन्।

यसपटक राष्ट्रपति डोनाल्ड ट्रम्पको पोल्टामा कंग्रेस र सुप्रिम कोर्टसमेत अनुकूल छ। त्यो भनेको उनी थप शक्तिशाली राष्ट्रपतिका रूपमा ह्वाइट हाउसमा रहने छन् भने उनको पार्टी, रिपब्लिकन पार्टी उनकै कब्जामा छ।

पत्रकार दिनेशजंग शाह सामाजिक सञ्जालमा लेख्छन्, डोनाल्ड ट्रम्पलाई दोस्रो विश्वयुद्ध ताका राष्ट्रपति फ्रेङ्कलिन रोजभेल्ट जस्तो वन म्यान शो प्रेसिडेन्सीका रूपमा हेरिएको छ। त्यो भनेको एकल रूपमा निर्णय गर्ने, अधिकारहरू केन्द्रीकृत गर्ने र सम्बद्ध अन्य निकायहरूसँग परामर्श नगर्ने शैलीलाई जनाउँछ।

विश्वको शक्तिशाली राष्ट्र अनि शक्तिशाली राष्ट्रपतिका रूपमा ट्रम्पले कसरी काम गर्छन् भन्ने अहिले यसै भन्न सकिने अवस्था भने छैन। यद्यपि उनको कार्यशैली र स्वभाव हेर्दा उनले यसपटक थप कठोर भएर नेशन फस्टको नारामै केन्द्रित भएर काम गर्छन् भन्ने अनुमान लगाउन सकिन्छ।

दिनानुदिन बढ्दो आप्रवासन समस्या अमेरिकाका लागि जटिल विषय हो। लाखौंको संख्यामा रहेका कागजपत्र विहीनहरूका समस्या कसरी समाधान हुन्छन्, भन्ने यसै भन्न सक्ने अवस्था छैन।

करिब महिनादिन अघि राष्ट्रपति ट्रम्पले स्थानीय एनबीसी टेलिभिजनलाई अन्तर्वार्ता दिँदै भनेको थिए, ड्रिमर अर्थात् अमेरिकी सपना बोकेकाहरूका बारे काम गर्न आफू तयार रहेको र त्यसका लागि डेमोक्र्याटिक पार्टीसँग छलफल गरेर अगाडि बढ्ने बताएका थिए।

कठोर स्वभाव देखाउने राष्ट्रपति ट्रम्प पहिलो कार्यकालभन्दा थप जिम्मेवार राष्ट्रपतिका रूपमा प्रस्तुत भइरहेका केही संकेतहरू छन्। उनका पछिल्ला अन्तर्वार्ताहरू त्यसतर्फ केन्द्रित देखिन्छन्। यसैगरी उनले अमेरिका फर्स्ट नीतिलाई थप सुदृढ गर्दै अन्तर्राष्ट्रिय संगठनहरूमा अमेरिकी सहभागिता घटाउन सक्ने अनुमान गर्न सकिन्छ। यस्तै चीन र इरान जस्ता देशहरूप्रति कडा नीति अपनाउन सक्ने छन्।

यसैगरी न्यायालय र कानुनी संरचनामा समेत व्यापाक परिवर्तन गर्ने बताइन्छ। त्यो भनेको अमेरिकी सर्वोच्च अदालत र अन्य संघीय अदालतहरूमा आफू अनुकूलको नियुक्ति दिने। यस्तै उनले स्वास्थ्य तथा सामाजिक नीतिमा पनि केही परिवर्तन गर्ने संकेत गरेका छन्। स्वास्थ्य सेवा सुधारका बारेमा अमेरिकी राष्ट्रपति ट्रम्पले चुनाव ताकासमेत प्रतिबद्धता जनाइसकेका छन्।

उनले ओबामा केयरको विकल्प खोज्नेबारे निर्वाचन ताकानै प्रतिबद्धता जनाएका थिए भने सामाजिक सेवाहरूमा कटौती गरेर सरकारी खर्च घटाउने बताएका छन्। यसरी हेर्दा राष्ट्रपति ट्रम्पले देश पहिला अर्थात् अमेरिकाको व्यापक सुधारमा काम गर्ने छन् भन्ने संकेत दिइरहेका छन्।

थप शक्तिशाली राष्ट्रपतिका रूपमा ह्वाइट हाउसमा रहँदा ट्रम्पले के गर्ने हुन भन्नेबारे सीमासँग जोडिएका देशहरू मात्रै होइन विश्वको ध्यान यतिबेला अमेरिकामा छ।

## माघ १८ मा हिउँदे अधिवेशन बोलाउन सरकारको सिफारिस



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले माघ १८ गते संघीय संसद्को दुवै सदनको अधिवेशन बोलाउन राष्ट्रपति रामचन्द्र पौडेललाई सिफारिस गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले माघ १८ गते शुक्रबार दिउँसो १ बजे संसद्को हिउँदे अधिवेशन बोलाउन राष्ट्रपति पौडेललाई सिफारिस गर्ने निर्णय गरेको हो।

नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको सिफारिसमा राष्ट्रपतिले संघीय संसद्को अधिवेशन आह्वान गर्ने संवैधानिक व्यवस्था छ। प्रधानमन्त्री केपी शर्मा ओलीले अधिवेशन बोलाउनुअघि सभामुख देवराज घिमिरेसँग छलफल गरेका थिए।

प्रधानमन्त्री ओलीले सभामुख घिमिरेसँग संसद् अधिवेशन बोलाउने र संसद्मा के कस्ता बिजिनेस दिन सकिने विषयमा छलफल गरेका थिए। विपक्षी दलहरूले सरकारलाई छिटो संसद् अधिवेशन बोलाउन दबाब दिँदै आएका थिए।

संसद् छलेर अध्यादेश ल्याएको भन्दै उनीहरू सरकारप्रति आक्रमक बनेका थिए। उनीहरूले संयुक्त वक्तव्य जारी गरेर सरकारको आलोचना गरेका थिए। छिट्टै संसद् अधिवेशन नबोलाइए विशेष अधिवेशन आह्वानको प्रक्रियामा जाने चेतावनी पनि दिएका थिए। गत भदौ ३१ गते संसद्को वर्षे अधिवेशन अन्त्य भएको थियो।

